
प्रमाणिकरण मिति : २०८२/०५/१३

# कार्यक्रम कार्यान्वयन मापदण्ड

# २०८२/८३

# शिक्षा, युवा तथा खेलकुद




**भोटेकोशी गाउँपालिका**

**फुल्पिङकट्टी ,सिन्धुपाल्चोक**

**बागमती प्रदेश, नेपाल**

# हाम्रो भनाइ :

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार विद्यालय तहको अधिकार स्थानीय तहको क्षेत्राधिकार भए वमोजिम विद्यालय सञ्चालन तथा व्यवस्थापन  गर्न स्थानीय तह लागि परेको छ ।  विद्यालय शिक्षा क्षेत्रमा विद्यमान समस्याहरुको हल गर्दै शिक्षामा समतामूलक पहुँच स्थापित गर्ने, शिक्षालाई रोजगार उन्मुख बनाउने, शिक्षाको व्यवसस्थापकीय क्षमतामा अभवृद्धि गरी सामाजिक विकासमा गुणस्तर सुधार एवम् लक्ष्यहरु हासिल गर्ने तर्फ निर्देशित हुनु पर्दछ ।  नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेको छ भने आधारभूत शिक्षा अनिवार्य र निशुल्क हुने तथा माध्यमिक शिक्षा निशुल्क हुने व्यवस्था गरेको छ ।

भोटेकोशी गाउँपालिका संघीय सरकारको मात्र भर नपरि आफ्नै स्रोतवाट पनि शिक्षा क्षेत्रको विकास गर्न लागिपरेको छ। स्थानीय सरकार १६ औं गाउँसभा सम्म आइपुग्दा शिक्षा क्षेत्रमा भोटेकोशी गाउँपालिकामा विद्यालय शिक्षामा गुणस्तर वृद्धि गर्न  निरन्तर रुपमा पर्याप्त वजेट विनियोजन हुँदै आएको छ ।नेपालको विद्यमान शिक्षा नीति तथा कार्यक्रमहरुको आधारमा यस भोटेकोशी गाउँपालिकाको नीति तथा कार्यक्रम र वजेट आ.व. २०८२/८३ को परिधिमा रहि सफल कार्यान्वयन गर्न कार्यक्रम कार्यान्वयन मार्गदर्शन आवश्यक महसुस गरिएको छ । तदनुरुप यो मार्गदर्शन तयार गरिएको हो ।

यस मार्गदर्शनवाट वित्तीय अनुशासन कायम राखि पारदर्शी रुपमा कार्यक्रम कार्यान्वयन गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । विशेषगरि कार्यक्रम कार्यान्वयन गर्दा आइपर्ने समस्याहरुलाई प्रचलित ऐन कानुनको परिधिभित्र रहि औचित्यता, नियमितता, कार्यदक्षता, प्रभावकारीता र पारदर्शिताको आधारमा कार्यक्रम कार्यान्वयनका साथै अनुगमन, मूल्याङ्कन लगायतका विभिन्न पक्षमा सम्वद्ध सबैलाई कार्यक्रमको उद्देश्य अनुरुप समय सिमा भित्रै सम्पन्न गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

शिक्षा युवा तथा खेलकुद शाखा

## विषयसूची :

१. शिक्षकको अनुदान :

२. संघीय वा.वि.के., विद्यालय कर्मचारी, सामुदायिक सिकाइ केन्द्र परिचालिका थप तलव भत्ता अनुदान :

३. विद्यालय सञ्चालन तथा व्यवस्थापन :

४. संघीय दिवा खाजा कार्यक्रम विस्तार अनुदान :

५. उमावि अनुदान :

६. प्र.अ. प्रोत्साहन भत्ताः

७. प्राविधिक शिक्षा छात्रवृति अनुदान :

८. प्रधानाध्यापक वैठक सञ्चालन तथा व्यवस्थापन :

९. शिक्षक तथा अन्य तालिम सञ्चालन :

१०. भौतिक निर्माण :

११. खेल शिक्षक / स्काउट शिक्षक :

१२. नमुना कक्षा सञ्चालन :

१३.शिक्षक छनौट परीक्षा :

१४.चिनियाँ भाषा शिक्षण विश्वविद्यालय संग साझेदारी

१५.वस संचालन तथा अनुदान

१६.अनुसुचीहरु :

भोटेकोशी गाउँपालिकाको विषयगत शाखा शिक्षा, युवा तथा खेलकुद शाखावाट सम्पादन हुने सव वजेट उपशीर्षकका कार्यक्रम कार्यान्वयन प्रक्रिया एवम् मापदण्ड

यस खण्डमा

**१. शिक्षक अनुदान :**

१.१ शिक्षकको तलव भत्ता तथा सेवा सुविधा

| सुविधा / शिक्षक | तलव | ग्रेड | सञ्चय कोष थप | बीमा कोष थप | चाडपर्व खर्च | महंगी भत्ता | पोसाक भत्ता |
|---|---|---|---|---|---|---|---|
| गा पा उ मा वि शिक्षक | ४८७३७ | - | - | - | १ महिना वरावरको | - | १०,०००। |
| गा पा मा वि शिक्षक | ४३६८९ | - | - | - | १ महिना वरावरको | - | १०,०००। |
| गा पा आधारभूत शिक्षक (६-८) | ३४७३० | - | - | - | १ महिना वरावरको | - | १०,०००। |
| गा पा आधारभूत शिक्षक (१-५) | ३२९०२ | - | - | - | १ महिना वरावरको | - | १०,०००। |
| गा पा ECD/ शिक्षक | १५००० | | | | १ महिना वरावरको | - | १०,०००। |

नोट :

क) पोशाक भत्ता चैत्र महिनामा प्रदान गरिनेछ

ख) चाडपर्प खर्च असोज/कार्त्तिक महिनामा प्रदान गरिनेछ ।

**२. संघीय वा.वि.के., विद्यालय कर्मचारी, सामुदायिक सिकाइ केन्द्र परिचालिका थप तलव भत्ता अनुदान :**

| विवरण | वाविके | विद्यालय सहायक | विद्यालय कर्मचारी | सासिके परिचालिका | जिम्मेवारी | प्रगती सुचक |
|---|---|---|---|---|---|---|
| पालिका थप प्रोत्साहन | ७०००। | ७०००। | ७०००। | ७०००। | ▪ विद्यालय<br>▪ शिक्षा शाखा<br>▪ लेखा शाखा | • मागफाराम<br>• तलवी भर्पाइ |

नोट : संघीय सरकार वाट तलवभत्ता प्राप्त गरिरहेका संघीय विद्यालय सहायक, ECD शिक्षक र कार्यालय सहयोगीको न्यूनतम तलव भत्ता कम भएका कारण कार्यक्रम कार्यान्वयन पुस्तिका २०८२/८३ मा थप गर्न सक्ने व्यवस्था भए वमोजिम थप गरिएको।

**३. विद्यालय सञ्चालन तथा व्यवस्थापन :**

| विवरण | आधारभूत तह (१-५) | आधारभूत तह (१-८) | मा.वि. तह (१-१२) | जिम्मेवारी | प्रगती सुचक |
|---|---|---|---|---|---|
| विद्यालय सञ्चालन तथा व्यवस्थापन | २५,०००। | ३०,०००। | ४०,०००। | विद्यालय, विव्यस, शिक्षा शाखा ,लेखा शाखा | प्रस्तावना, विल भर्पाइ, विव्यस निर्णय |

नोट : माथि उल्लेखित न्युनतम अनुदान रकम वाहेक प्रति विद्यार्थी रु.५००। का दरले अनुदानले विद्यालयहरुले विद्यालय सञ्चालन तथा व्यवस्थापन खर्च दैनिक प्रशासनिक कार्यका लागि आवश्यक स्टेशनरी लगायत, विजुली , संचार, मर्मत, इन्टरनेटका साथै निर्माण/ मालसामान खरिद समेतका कार्यमा विव्यसको निर्णय वमोजिम खर्च गर्नुपर्नेछ।

**४. संघीय दिवा खाजा कार्यक्रम विस्तार  अनुदान :**

| विवरण | कक्षा (वाविके-५) थप पालिका रकम | कक्षा (६-१०) पालिका रकम | जिम्मेवारी | प्रगती सुचक |
|---|---|---|---|---|
| दिवा खाजा विस्तार | ५। | २०। | ▪ विद्यालय, विव्यस, अभिभावक ,वडा कार्यालय, शिक्षा शाखा ,लेखा शाखा | • हाजिरि<br>• मागफाराम |

नोट : संघीय सरकारवाट दिवा खाजाका लागि तोकिएको रु २० प्रतिदिन भौगोलिक विकटता, खाद्यान्नको अभाव, कम उव्जाउ माटो लगायतका कारण उक्त रकम पर्याप्त नभएको हुँदा कक्षा ५ सम्म थप रु ५।- र  सवै विद्यार्थीहरुलाई दिवा खाजाको दायरामा ल्याउन कक्षा ६ देखि १० सम्म रु २० अनुदानको व्यवस्था गरिएको छ  । श्री झिर्पु मा वि लाई कक्षा ६-१० को दिवाखाजा वापतको रकम सोवरस् एक्सन नेपालवाट उपलव्ध भइरहेको हुनाले गाउँपालिकावाट उपलव्ध गराइनेछैन ।

**५. उमावि अनुदान :**

कक्षा ११ र १२ सञ्चालित माध्यमिक विद्यालयहरुमा कक्षा १२ सम्म निशुल्क शिक्षा प्रदान गर्ने भोटेकोशी गाउँपालिकाको लक्ष्य अनुरुप  प्रति विद्यार्थी रु ७०००। का दरले अनुदान प्रदान गर्ने ।

**६.  प्रधानाध्यापक प्रोत्साहन भत्ता :**

| विवरण | आधारभूत तह (१-५) | आधारभूत तह (१-८) | मा.वि. तह (१-१२) | प्रगती सुचक |
|---|---|---|---|---|
| प्र.अ. प्रोत्साहन भत्ता | १०००। | २०००। | ३०००। | • सिकाइ उपलव्धि |

**७. प्राविधिक शिक्षा छात्रावृति अनुदान :**

भोटेकोशी गाउँपालिकाको प्राविधिक शिक्षा छात्रावृति कोष कार्यविधि २०७९ वमोजिम मापदण्ड अनुसार सुचना प्रकाशन गरि छात्रवृति वितरण गर्ने ।

**८. प्रधानाध्यापक वैठक सञ्चालन तथा व्यवस्थापन :**

प्रधानाध्यापक वैठकमा सहभागी हुँदा प्रधानाध्यापक, जनप्रतिनिधि तथा कमर्चारी वैठक भत्ता वापत रु. ७०० र यातायात खर्च (दुइतर्फि) वापत तपसिल वमोजिम  वमोजिम प्रदान गरिनेछ ।

- अरनिको राजमार्गमा रहेका विद्यालय सम्म रु.२००
- अरनिको राजमार्गवाट ५ कि.मि. दुरिमा रहेका विद्यालय सम्म रु.३००
- अरनिको राजमार्गवाट १० कि.मि. दुरिमा रहेका विद्यालय सम्म रु.४००
- अरनिको राजमार्गवाट १५ कि.मि. दुरिमा रहेका विद्यालय सम्म रु.५००
- अरनिको राजमार्गवाट २० कि.मि. दुरिमा रहेका विद्यालय सम्म रु.६००
- अरनिको राजमार्गवाट २० कि.मि. भन्दा वढि दुरिमा रहेका विद्यालय सम्म रु.७००

**९. शिक्षक तथा अन्य तालिम सञ्चालन :** बुँदा नं ७ अनुसार नै सहभागी भत्ता र यातायात खर्च प्रदान गरिनेछ । अन्यको हकमा अर्थ मन्त्रालयवाट जारी गरिएको आर्थिक सञ्चालन कार्यविधि २०७७ वमोजिम हुनेछ ।

**१०. भौतिक निर्माण :** इष्टिमेट वमोजिम विद्यालय व्यवस्थापन संग सम्झौता गरि विद्यालय व्यवस्थापनले भौतिक निर्माणको कार्य गर्नेछ । १ करोड भन्दा वढिको भौतिक निर्माणका कार्य गर्नु पर्दा टेन्डर मार्फत वा प्रचलित नियमानुसार गर्नुपर्नेछ। विद्यालयको सहमतीमा १० लाख भन्दा ठुला अनुदानका कार्यहरु गाउँपालिका मार्फत सञ्चालन गर्न सकिनेछ।

**११. खेल शिक्षक / स्काउट शिक्षक :**

- खेल/स्काउट शिक्षकको मासिक तलव :रु. ३४७३०।
- दशै भत्ता : रु ३४७३०।
- पोशाक भत्ता : रु १००००।
- झिर्पु र कोदारि माध्यमिक विद्यालय वाहेकको विद्यालयमा जाँदा यातायात वापत वुँदा नं ७ वमोजिम यातायात खर्च प्राप्त गर्नेछ ।

**१२. नमुना कक्षा सञ्चालन :** भोटेकोशी गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा शिक्षकहरुका लागि नमुना कक्षा सञ्चालन गर्दा प्रशिक्षक, शिक्षक तथा कर्मचारीहरुलाई पालिका भित्र बुँदा नं ७ अनुसार यातायात खर्च वा यातायात सुविधा र भत्ता वापत प्रति कक्षा ७०० का दरले रकम प्रदान गरिनेछ ।

**१३. शिक्षक छनौट परीक्षा** : प्रचलित नियम वमोजिम शिक्षक छनौट समितिलाई बैठक भत्ता, यातायात तथा खाजाको व्यवस्था गरिनेछ।

**१४. चिनियाँ भाषा शिक्षण विश्वविद्यालय संग साझेदारी :** लुम्विनि वौद्ध विश्वविद्यालय र गाउँपालिकाको सहकार्यमा Bachelor in Teaching Chinese to Speakers of Other Languages (BTCSOL) कार्यक्रम सञ्चालन गर्नेछ विश्वविद्यालयलाई विद्यार्थीले तिर्नु पर्ने वार्षिक शुल्क विश्वविद्यालयको नियमानुसार गाउँपालिकाले व्यहोर्नेछ।उक्त कार्यक्रम सञ्चालन तथा सहजीकरणका लागि १ जना स्थानीय माविस्तरको शिक्षक/प्र.अ./ अधिकृत स्तरको कर्मचारी संयोजक तोकी मासिक रु ६०००।- भत्ता दिइनेछ। कक्षा व्यवस्थापन, प्राध्यापक तथा शिक्षकका लागि आवश्यक स्रोतको व्यवस्थापन समेत गर्न सकिनेछ।

१५. वस संचालन तथा अनुदान : श्री झिर्पु मा वि लाई बस संचालनका लागि एकमुष्ट वार्षिक रु ३ लाख रकम अनुदानको रुपमा उपलव्ध गराइनेछ। उक्त रकमले निशुल्क विद्यालय वस संचालन गर्न अपुग भएमा विद्यालयले रकम थप गर्न वा अभिभावकसंग समझदारीमा निश्चित शुल्क तोक्न सक्नेछ।

अनुसूची १ :

प्रारम्भिक कक्षा ( मन्टेश्वरी सहित) :

| क्र.स. | विद्यालयको नाम | ठेगाना | कोटा | कैफियत |
|---|---|---|---|---|
| १ | उग्रचण्डी मा वि | वडा नं १ | ३ | आ.व. २०७८/७९ |
| २ | कोदारी मा वि | वडा नं २ | २ | |
| ३ | तातोपानी आ वि | वडा नं २ | २ | |
| ४ | गुसेश्वरी आ वि | वडा नं ३ | २ | |
| ५ | झिर्पु मा वि | वडा नं ४ | २ | |
| ६ | थापीनारायण मा वि | वडा नं ४ | १ | |
| ७ | गोरखनाथ आ वि | वडा नं ४ | १ | |
| ८ | भिमसेन मा वि | वडा नं ५ | २ | |
| ९ | थामीगाउँ आ वि | वडा नं २ | १ | |
| १० | थापीनारायण मा वि | वडा नं ५ | १ | आ.व. २०७९/८० |
| ११ | मार्मिङ मा वि | वडा नं ५ | १ | |
| १२ | भुमेश्वरी आ वि | वडा नं १ | १ | |
| १३ | भुमिराज आवि | वडा नं ३ | १ | |
| १४ | सेतीदेवी पञ्चकन्या आ वि | वडा नं ४ | १ | |
| १५ | महाकालीदेवी आ वि | वडा नं ४ | १ | |
| १६ | महादेव आ वि | वडा नं ५ | १ | |
| १७ | कालीदेवी आ वि | वडा नं ५ | १ | |
| जम्मा | | | २४ | |

अनुसूची २ :

आधारभूत शिक्षक अनुदान :

| क्र.स. | विद्यालयको नाम | ठेगाना | कोटा | कैफियत |
|---|---|---|---|---|
| १ | सेतीदेवी आ वि | वडा नं १ | १ | आ.व. २०७८/७९ |
| २ | छ्याङसिङ आ वि | वडा नं १ | १ | |
| ३ | हिमालयपञ्चकन्या आ वि | वडा नं १ | १ | |
| ४ | सेतीदेवी आ वि | वडा नं २ | १ | |
| ५ | भैरवकुण्ड आ वि | वडा नं ३ | १ | |
| ६ | भुमिराज आ वि | वडा नं ३ | १ | |
| ७ | गुसेश्वरी आ वि | वडा नं ३ | १ | |
| ८ | महाकालीदेवी आ वि | वडा नं ४ | १ | |
| ९ | देउढुङ्गा आ वि | वडा नं ५ | १ | |
| १० | श्री थापीनारायण मा वि | वडा नं ४ | १ | आ.व. २०८१/८२ |
| जम्मा | | | १० | |

माध्यमिक शिक्षक अनुदान :

| क्र.स. | विद्यालयको नाम | ठेगाना | कोटा | विषय | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री भिमसेन मा वि | वडा नं ५ | १ | गणित | आ.व. २०७८/७९ |
| २ | श्री झिर्पु मा वि | वडा नं ४ | १ | नेपाली | |
| ३ | श्री तातोपानी मा वि | वडा नं २ | २ | गणित र विज्ञान | आ.व. २०८२/८३ |
| जम्मा | | | ४ | | |

उच्च माध्यमिक शिक्षक अनुदान :

| क्र.स. | विद्यालयको नाम | ठेगाना | कोटा | विषय | कैफियत |
|---|---|---|---|---|---|
| ३ | मार्मिङ मा वि | वडा नं ५ | २ | | आ.व. २०७८/७९ |
| जम्मा | | | २ | | |

खेल/स्काउट शिक्षक अनुदान :

| क्र.स. | विद्यालयको नाम | ठेगाना | कोटा | कैफियत |
|---|---|---|---|---|
| १ | झिर्पू मा वि | वडा नं ४ | १ | सबै मा वि मा हेर्ने गरि/ आ.व. २०७९/८० |
| जम्मा | | | १ | |

अनुसूचि ३ :

## आ.व. २०८२/०८३ को विषयगत/शाखागत बजेटः

### शिक्षा, युजा तथा खेलकुद

| | शिक्षा | | |
|---|---|---|---|
| **क्र.सं.** | **विनियोजित बजेट शीर्षक** | **प्रस्तावित बजेट रु** | **खर्च शिर्षक नं** |
| १ | शिक्षक पारिश्रमिक अनुदान (मा वि, आवि, वाविके, सका) अनुदान | १२८००००० | २५३११ |
| २ | संघीय वा.वि.के., विद्यालय कर्मचारी, सा.सि.के. सहजकर्ता थप तलव भत्ता अनुदान | ५३००००० | २५३११ |
| ३ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | २०००००० | २५३११ |
| ४ | संघीय दिवा खाजा कार्यक्रम विस्तार अनुदान १-१० कक्षा | ३५००००० | २५३११ |
| ५ | उमावि संचालन खर्च | १२००००० | २५३११ |
| ६ | प्र अ (प्रोत्साहन भत्ता) थप अनुदान | ५७६००० | २५३११ |
| ७ | कक्षा १-८ स्थानीय पाठ्यक्रम छपाइ प्रबोधिकरण | ३००००० | २२५२२ |
| ८ | आधारभूत तह (कक्षा ४-१०) उत्तीर्ण वार्षिक परिक्षा संचालन, व्यवस्थापन | ५००००० | २२५२२ |
| ९ | शिक्षा दिवस/ शैक्षिक दिवस कार्यक्रम/ अतिरिक्त क्रियाकलाप सञ्चालन (पालिका/वडा स्तरीय) | ४००००० | २२५२२ |
| १० | शैक्षिक क्यालेन्डर निर्माण, शैक्षिक वुलेटिन प्रकाशन | १००००० | २२५२२ |
| ११ | पालिकामा पुस्तक व्यवस्थापन | १००००० | २२३१३ |
| १२ | प्राविधिक शिक्षा छात्रावृति अनुदान | ५००००० | २५३११ |
| १३ | शिक्षक छनौट परीक्षा सञ्चालन तथा व्यवस्थापन | ४००००० | २२५२२ |
| १४ | शिक्षक तालिम (विषयगत,मन्टेश्वरी, अभिभावक अन्तरक्रिया, अन्तरपालिका तथा संघसंस्था सँग साझेदारी) | ५००००० | २२५१२ |
| १५ | आवासिय विद्यालय सञ्चालन अनुदान | ६००००० | २५३११ |
| १६ | गणित ल्याव निर्माण | २००००० | २२५२२ |
| १७ | प्रअ वैठक सञ्चालन तथा व्यवस्थापन | ३००००० | २२५२२ |
| १८ | निरीक्षण तथा अनुगमन , समिक्षा, भ्रमण भत्ता तथा मर्मत | ३००००० | २५३११ |
| १९ | विद्यालयमा ICT कार्यक्रम (पुँजिगत) | ३००००० | २२५२२ |
| २० | चिनियाँ भाषा शिक्षण (विश्वविद्यालयसंग साझेदारी) /संगीत/नृत्य (शिक्षक/तालिम/सामाग्री व्यवस्थापन) | २०००००० | |
| २१ | श्री झिर्पु मा वि विद्यालय वस संचालन अनुदान | ३००००० | |
| २२ | अनलाइन डान्स प्रतियोगिता पालिका स्तरीय | २००००० | |
| २३ | विद्यालय सवलिकरण पुँजीगत | २०००००० | |
| | **शिक्षा तर्फ जम्मा** | **३४३७६०००** | |

| युवा तथा खेलकुद | | | |
|---|---|---|---|
| क्र.सं. | विनियोजित बजेट शीर्षक | वजेट रु | खर्च शिर्षक नं |
| १ | यूवा लक्षित रोजगार उन्मुख तालिम | ८०००० | २२५१२ |
| २ | खेलकुद विकास तथा प्रशिक्षण कार्यक्रम खर्च | ४००००० | २२५२२ |
| ३ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन (पालिका र जिल्लासहित) खर्च | ८००००० | २५३११ |
| ४ | खेल शिक्षक विद्यालय पारिश्रमिक | ५००००० | २२५२२ |
| ५ | खेलकुद सामाग्री | २००००० | २२५२२ |
| ६ | माउन्टेन ट्रेल रेस कार्यक्रम | ८००००० | २२५२२ |
| ७ | भोटेकोशी कप प्रतियोगिता संचालन | ६००००० | |
| ८ | विधार्थी संग जनप्रतिनिधि संवाद/शैक्षिक अवलोकन भ्रमण | ५००००० | **३८९७६०००** |
| | **यूवा तथा खेलकुद तर्फ जम्मा** | ४६००००० | |